# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्याः १७, पौष ८ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका जेष्ठ नागरिक स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।९।७

**प्रस्तावना** : नेपालको संविधान २०७२ ले जेष्ठ नागरिकलाई सम्मानजनक जीवनयापन तथा आधारभूत स्वास्थ्य सेवाको हक सुनिश्चित गरेको हुँदा जेष्ठ नागरिक ऐन, २०६३, राष्ट्रिय स्वास्थ्य नीति २०७६, बहुक्षेत्रीय पोषण योजना (MSNP) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुसार व्यास नगरपालिका भित्र बसोबास गर्ने जेष्ठ नागरिकको स्वास्थ्य तथा पोषण अवस्था सुदृढ गर्न आवश्यकताको महशुस गरी व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाद्वारा यो निर्देशिका तयार गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "व्यास नगरपालिका ज्येष्ठ नागरिक स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८२" रहेको छ ।

(२) यो निर्देशिका व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले जेष्ठ नागरिक स्वास्थ्य तथा पोषण कार्यक्रम सम्झनुपर्छ ।

(ग) "जेष्ठ नागरिक" भन्नाले ६० वर्ष उमेर पूरा गरेका व्यास नगरपालिका भित्रका नागरिक सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(ङ) "पोषण जोखिम" भन्नाले BMI वा चिकित्सकीय मूल्याङ्कनबाट कुपोषणको जोखिम देखिएको अवस्था सम्झनुपर्छ ।

३. **उद्देश्य :**

(क) व्यास नगरपालिकाका जेष्ठ नागरिकको समग्र स्वास्थ्य अवस्था र पोषण स्तर सुधार गरी स्वस्थ, सक्रिय र सम्मानजनक जीवन सुनिश्चित गर्नु,
(ख) जेष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षण तथा रोग पहिचान गर्नु,
(ग) दीर्घ रोग (मधुमेह, उच्च रक्तचाप आदि) को समयमै व्यवस्थापन गर्नु,
(घ) पोषण जोखिम पहिचान तथा न्यूनीकरण गर्नु,
(ङ) स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु,
(च) सक्रिय पारिवारिक सदस्यको अनुपस्थितिमा सामाजिक सहानुभूतिको वातावरण सृजना गर्नु ।

४. **लक्षित समूह :** नगरपालिकामा स्थायी रूपमा बसोबास गर्ने ६० वर्ष वा सोभन्दा माथिका जेष्ठ नागरिक लक्षित समूह हुनेछन् ।

५. **जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम :** (१) जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम अन्तर्गत देहाय बमोजिमका सेवाहरु मध्ये केही कार्यक्रमहरु शिविर मार्फत सञ्चालन गर्ने गरी समावेश भएको हुनुपर्नेछ :

(क) सामान्य स्वास्थ्य परीक्षण,
(ख) रक्तचाप, मधुमेह जाँच,
(ग) आँखा, दाँत तथा श्रवण परीक्षण,
(घ) मानसिक स्वास्थ्य स्क्रिनिङ,
(ङ) औषधी वितरण तथा स्वास्थ्य परामर्श,
(च) नियमित औषधी सेवन भए नभएको अनुगमन गरी आवश्यक परे रेफरल सेवा ।

(२) उपदफा (१) बमोजिमका सेवा प्रदान गर्न देहाय बमोजिमका मापदण्डहरु अपनाइनेछ :

(क) मान्यता प्राप्त स्वास्थ्यकर्मीबाट सेवा प्रदान गरिनेछ,
(ख) जेष्ठ नागरिकमैत्री वातावरण र व्यवहार अपनाइनेछ,
(ग) सेवाहरू निःशुल्क वा सहुलियत दरमा उपलब्ध गराइनेछ,
(घ) सेवाग्राहीको गोपनीयता कायम राखिनेछ,
(ङ) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिकलाई अस्पतालसम्म पुऱ्याउने सहयोग उपलब्ध गराइनेछ ।

६. **जेष्ठ नागरिक पोषण कार्यक्रम :** (१) जेष्ठ नागरिक पोषण कार्यक्रम देहाय बमोजिमका पोषण मूल्याङ्कन तथा पोषण सेवा प्रदान गरिनेछ :

(क) पोषण मूल्याङ्कन :
-BMI तथा MUAC मापन,
-खानपान तथा जीवनशैली मूल्याङ्कन ।

(ख) पोषण सेवा :
-दैनिक दिवा खाजाको व्यवस्थापन,
-सन्तुलित आहार सम्बन्धी परामर्श,
-स्थानीय स्रोतमा आधारित पोषण शिक्षा,
-कुपोषण जोखिममा रहेका जेष्ठ नागरिकलाई प्राथमिकता,
-बजेट तथा स्रोतको उपलब्धता अनुसार पोषण सामग्री वितरण,
-जेष्ठ नागरिक सेवा केन्द्रहरुमा पोषण सम्बन्धी स्वास्थ्य परामर्श सेवा ।

७. **बजेट तथा स्रोत व्यवस्थापन :**

(क) नगरपालिकाको आन्तरिक स्रोतबाट प्राप्त रकम,
(ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
(ग) विकास साझेदार संस्थाबाट प्राप्त रकम ।

८. **कार्यक्रम स्वीकृत गर्नुपर्ने :** दफा ७ बमोजिम बजेटको सुनिश्चितता भई स्वीकृत बजेट प्राप्त भएकोमा सो बजेटको परिधिभित्र रही दफा ५ र ६ बमोजिमका कार्यक्रम सञ्चालन गर्नका लागि

विस्तृत रुपमा कार्यक्रम सम्बन्धी प्रस्ताव तयार गरी कार्यपालिका समक्ष स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

९. **अवधिः** ज्येष्ठ नागरिक स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनको समयावधि कार्यक्रम प्रस्तावमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **अनुगमन तथा मूल्याङ्कन :** (१) कार्यक्रम सञ्चालनको क्रममा वित्तीय अनुगमन तथा मूल्याङ्कन गर्नका लागि तपसिलमा उल्लेखित पदाधिकारीहरु रहने गरी एक समिति गठन गर्न सकिनेछ :

(क) शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख -संयोजक

(ख) महिला, बालबालिका तथा समाजकल्याण शाखा प्रमुख -सदस्य

(ग) स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितले देहाय बमोजिमका विषयहरु समावेश गरी प्रतिवेदन तयार गरी नगरपालिका समक्ष पेश गर्नुपर्नेछ :

(क) सेवा लिने जेष्ठ नागरिकको संख्या,

(ख) स्वास्थ्य तथा पोषण सूचकमा भएको सुधार ।

११. **विविध :**

(क) आवश्यकता अनुसार कार्यपालिकाले यो निर्देशिका संशोधन गर्न सक्नेछ ।

(ख) स्थानीय आवश्यकता अनुसार जेष्ठ नागरिक सम्बन्धी थप कार्यक्रमहरु समावेश गर्न सकिनेछ ।

**आज्ञाले**
**सुकदेव लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**